# नेपाल परिवार नियोजन संघ
## मनोनयन तथा सुशासन समिति

## केन्द्रीय सदस्य उम्मेदवारको लागि ToR

### १. पृष्ठभूमि

१.१ नेपाल परिवार नियोजन संघ गैरनाफामुखी तथा स्वयंसेवी संस्थाको रुपमा परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको क्षेत्रमा ६५ वर्षदेखि नेतृत्व गर्दै नेपाली जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउन अनवरत रूपमा अग्रणी भूमिका निर्वाह गरिरहेको छ । संघ अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ (आई.पी.पी.एफ.) को सदस्य संस्था हो । जसले बिना भेदभाव सबैलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा शिक्षा, सूचना र सेवा प्रदान गर्दै उनीहरुलाई स्वैच्छिककरूपमा सुसूचित निर्णय गर्न ससक्त बनाउन उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । हाल संघका २८ वटा जिल्ला शाखा कार्यालयहरुमा करीब ११,००० स्वयंमसेवक सदस्य (आजीवन तथा साधारण सदस्य) आवद्ध छन् र संघले ६ वर्षे रणनीति "Come Together Strategy, 2023-2028" बमोजिम आफ्नो कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

१.२ सबै नेपाली नागरिकमा यौनिक तथा प्रजनन स्वास्थ्य लगायतको अधिकारलाई अनुभूति गराउन, प्रत्येक व्यक्ति तथा दम्पत्तिले आफ्नो परिवारको आकार छनौट गर्नसक्ने अधिकारको रक्षा गर्दै सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य सेवालगायत यौन तथा प्रजनन स्वास्थ्य सूचना, शिक्षा तथा सेवा प्रदान गर्दै स्वस्थ्य, प्रजनन स्वास्थ्य र यौनिक अधिकारका विषयमा एकिकृत सामुदायिक विकास कार्यक्रम लागु गर्न स्वयंमसेवी माध्यमबाट देश र नागरिकको  सेवा गर्नु यस संघको मूल उद्देश्य हुनेछ ।

१.३ नेपाल परिवार नियोजन संघको २४औं संशोधित विधानमा केन्द्रीय समिति र गठन विधि सम्बन्धी व्यवस्था अनुसार संघले यो संशोधित विधान अनुसार पहिलो पटक निर्वाचन गर्न लागेको हुंदा संघको विधानको धारा २३(८) बमोजिम केन्द्रीय समितिको निर्वाचन प्रयोजनको लागि उम्मेदवार माग आवेदन गर्नुपर्ने र धारा २३(९) बमोजिम योग्यताको आधारमा उम्मेदवार छनोट गर्ने र धारा २३(१०) बमोजिम निर्वाचनको लागि योग्य उम्मेदवारको नामावली केन्द्रीय समितिमा पेश गर्नुपर्ने जिम्मेवारी मनोनयन तया सुशासन समितिको भएको हुंदा निर्वाचन प्रयोजनको लागि उम्मेदवारी छनोटको आधार तय गर्न यो ToR तयार पारिएको छ ।

१.४ मनोनयन तथा सुशासन समितिले योग्य ठहराई  सिफारिस गरेका स्वयमसेवक ७ (सात) र बिशेषज्ञ ४ (चार) गरी जम्मा ११ (एघार) जनाको केन्द्रीय समितिको निर्वाचन ३ (तीन) वर्षको लागि गर्ने छ। जसमा अध्यक्ष र कोषाध्यक्ष सहित कम्तीमा पचास प्रतिशत महिला र बीस प्रतिशत युवा हुनेछन्। केन्द्रीय समितिमा निर्वाचित भएसंगै समितिको अध्यक्ष र कोषाध्यक्ष वाहेक अन्य ९ (नौ) जना सदस्यको पदावधि कायम गर्दा दोस्रो वर्षको सुरुमा चारजना र तेस्रो वर्षको सुरुमा पाँच जना सदस्यको पदावधि गोला प्रथा द्वारा कायम गरिने छ ।

१.५ केन्द्रीय समिति सदस्यहरु स्वयंसेवीको (Unpaid Volunteer) रुपमा काम गर्नेछ ।

**२. नेपाल परिवार नियोजन संघको केन्द्रीय सदस्यमा निम्न प्रकारका योग्यता (गुण तथा बिशेषता) हुनुपर्नेछ :**

२.१ नेपाल परिवार नियोजन संघ बारे जानकारी भएको तथा यसको उद्देश्य र ध्येय प्रति प्रतिबद्ध भएको ।

२.२ केन्द्रीय सभा र केन्द्रीय समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्न कटिवद्ध भएको ।

२.३ केन्द्रीय समिति वा अध्यक्षबाट तोकिएको काम गर्नलाई जागरुक भएको ।

२.४ कार्यक्रमको कार्यान्वयन र प्रभावकारिताको सम्बन्धमा सहजिकरण, समन्वय र अनुगमन गर्नसक्ने भएको ।

**३. योग्यता (Eligibility)**

केन्द्रीय समिति महिला तथा युवा सदस्य पदको लागि उम्मेदवार बन्न चाहने व्यक्ति संघको सदस्य भएको हुनु पर्नेछ र मनोनयन तथा सुशासन समितिले योग्य ठहराई सिफारिश गरेको समेत हुनुपर्ने छ। बिशेषज्ञ सदस्य पदको लागि उम्मेदवार बन्न चाहने व्यक्ति मनोनयन तथा सुशासन समितिले योग्य ठहराई सिफारिश गरेको समेत हुनुपर्ने छ। केन्द्रीय समितिको सदस्य पदको लागि देहाय बमोजिमको पद तथा संख्या हुनुपर्ने भएको हुंदा मनोनयन तथा सुशासन समितिले माथी उल्लेखित तोकिएको योग्यताको आधारमा सोही बमोजिम ९ वा सो भन्दा बढी योग्य ठहर्‍याई निर्वाचनको लागि उम्मेदवारीको नामावली केन्द्रीय समितिमा सिफारिस गरिनेछ। आवेदन दिने तरिकामा तोकिएको कागजातहरु अनिवार्य रुपले पेश गर्नुपर्नेछ।

**केन्द्रीय समिति सदस्यको निर्वाचनका लागि पद तथा संख्या**

महिला सदस्य २

युवा सदस्य ३ (यस मध्ये कम्तीमा २ जना २५ वर्ष मुनिका किशोरी युवा हुनुपर्ने छ)।

विशेषज्ञ सदस्य ४ (यस मध्ये कम्तीमा २ जना महिला हुनुपर्ने छ र जसमध्ये कानून सम्बन्धी क्षेत्रको तर्फबाट १ जना, यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी क्षेत्रको तर्फबाट १ जना, अर्थ सम्बन्धी क्षेत्रको तर्फबाट १ जना र यौनिक अल्पसंख्यक वा अपाङ्ग सम्बन्धी क्षेत्रको तर्फबाट १ जना)।

**४. उम्मेदवारी र निर्वाचन प्रक्रिया**

४.१ एक व्यक्तिले एक पदका लागि मात्र उम्मेदवारी दिन पाउनेछ।

४.२ नेपाल परिवार नियोजन संघको विधान तथा Byelaws अनुसार केन्द्रीय समितिको अध्यक्षको निर्वाचन हुनेछ।

४.३ अध्यक्ष पदको लागि छनोट गर्ने उम्मेदवारहरुको मनोनयन तथा सुशासन समितिले संघको विधान तथा निर्वाचन निर्देशिकाले तय गरेका उम्मेदवारहरु मात्र बैधानिक हुनेछन्।

## ५. आवेदन दिने तरिका

ईच्छुक व्यक्तिहरुले Terms of Reference (ToR) मा उल्लेखित योग्यता अनुसार देहाय बमोजिम कागजात सहित fpanngc@fpan.org.np ईमेल मार्फत वा संघको केन्द्रीय कार्यालयमा मिति २०८१ साल कार्तिक १४ गते, सांझ ४:०० बजे भित्र निवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । ToR, आवेदन दरखास्त फारम, संघको विधान, निर्वाचन निर्देशिका संघको वेबसाइट www.fpan.org मार्फत Download गर्न वा संघको केन्द्रीय कार्यालय वा शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

पेश गर्नुपर्ने अनिवार्य कागजातहरु :

- उम्मेदवारीको लागि तोकिएको दरखास्त फारम,
- आफ्नो बैयक्तिक बिवरण (CV),
- आवश्यक अनुभव र दक्षता भएकाहरुले प्रमाणपत्रको प्रतिलिपी,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

उम्मेदवारी सम्बन्धी थप अन्य बिस्तृत जानकारीको लागि नेपाल परिवार नियोजन संघ, केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

नेपाल परिवार नियोजन संघ
केन्द्रीय कार्यालय
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं. ५०१०२४० र ५०१०२७०